annapurnapost.com

# अन्नपूर्ण पोस्ट

काठमाडौं, शुक्रबार २३ साउन २०८२ | श्रावण शुक्लपक्ष चतुर्दशी नेपाल संवत् ११४५ | FRIDAY, AUGUST 8, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०




कभर स्टोरी

# नेतृत्व नभएको बेला नियन्त्रित बन्न किन तम्सियो निर्वाचन आयोग ?

लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दल पारदर्शी र जिम्मेवार बन्नैपर्छ। जनताप्रति उत्तरदायी हुनैपर्छ। तर, यसका आफ्नै मान्यता छन्। निर्वाचन आयोगले दलहरूको स्वमूल्यांकन गर्ने प्रणाली आफैं बनाउन खोजेपछि विवादमा मुछिएको छ। आयोगले प्रस्ताव गरेको 'राजनीतिक दल स्वमूल्यांकन कार्यविधि' दलहरूले अस्विकार गरेका छन्।

सुरेन्द्र काफ्ले/ राजकरण महतो | *काठमाडौं*

- को रिपोर्ट

समाचार पृष्ठ २

अनुसूची-३
(दफा ९ को उपदफा २) सँग सम्बन्धित)

**स्वमूल्यांकनका विषयक्षेत्र, सूचक र अंकभार**

| क्र.सं. | विषयक्षेत्र | सूचक संख्या | जम्मा अंकभार | कैफियत |
|---|---|---|---|---|
| १ | संगठनात्मक संरचना | ६ | ८ | |
| २ | आन्तरिक व्यवस्थापन | १४ | २२ | |
| ३ | दलको जिम्मेवारी | ८ | १५ | |
| ४ | लैंगिक तथा समावेशी व्यवस्था | ७ | १० | |
| ५ | दलको कोष व्यवस्थापन र लेखा परीक्षण | १५ | २० | |
| ६ | निर्वाचनमा सहभागिता र प्रतिनिधित्व | १५ | १५ | |
| ७ | राजनीतिक दलसँग सम्बन्धित अन्य व्यवस्था | १० | १० | |
| | जम्मा | ७५ | १०० | |

## भारतीय प्रधानमन्त्री मोदी चीन जाँदै

**नयाँ दिल्ली** (एजेन्सी) : भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी पहिलो पटक चीन भ्रमणमा जाने भएका छन्। भारतीय सरकारी स्रोतका अनुसार प्रधानमन्त्री मोदी ७ वर्षभन्दा बढी समयपछि चीन भ्रमणमा जान लागेका हुन्। यसले संयुक्त राज्य अमेरिकासँग तनाव बढ्दै जाँदा बेइजिङसँगको कूटनीतिक पग्लने थप संकेत गरेको छ।

यही अगस्ट ३१ तारिखमा सुरु हुने बहुपक्षीय सांघाई सहयोग संगठन (एससीओ)को शिखर सम्मेलनमा भाग लिने क्रममा मोदी चीनको तियान्जिन जान लागेका हुन्।

राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतबाट आयात हुने सामानहरूमा एसियाली साथीहरूमध्ये सबैभन्दा उच्च कर लगाएको छ। त्यसैगरी नयाँ दिल्लीले रूसी तेल खरिद गरेमा थप जरिवानाको धम्की पनि अमेरिकाले दिएको छ। यसरी भारतले अमेरिकासँगको सम्बन्ध वर्षौंमा सबैभन्दा गम्भीर संकटको सामना गरिरहेको बेला मोदीको चीन भ्रमण हुन लागेको हो।

गत वर्ष अक्टोबरमा रूसमा भएको ब्रिक्स शिखर सम्मेलनमा मोदी र चिनियाँ राष्ट्रपति सी जिनपिङले वार्ता गरे, जसले दुई देशबीचको व्यापारिक सम्बन्ध र यात्रामा बाधा पुगेको हो। यस सम्मेलनले यी दुई राष्ट्रलाई नजिक्याउने विश्वास गरिएको छ।

सम्मेलनमा आतंकवाद, व्यापार र सुरक्षा लगायतका विषयमा छलफल हुनेछ। यस्तै मोदीले रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र राष्ट्रपति सी चिनफिङसँग छुट्टाछुट्टै भेटवार्ता गर्ने सम्भावना छ।

भारत, चीन, रूस, पाकिस्तान, इरान, बेलारुस, कजाखस्तान, कीर्गिस्तान, ताजिकिस्तान र उज्बेकिस्तान गरी एससीओमा हाल १० सदस्य राष्ट्र छन्।

## जलवायु न्यायमा बाह्य वित्तीय स्रोतको पहुँच बढाउन नीतिगत व्यवस्था

**ममता थापा** | *काठमाडौं*

मुलुक जलवायु परिवर्तनको गम्भीर प्रभावमा छ। यससँग सामना गर्न आन्तरिक स्रोत मात्र पर्याप्त छैन, बाह्य स्रोतको अति आवश्यक छ। त्यसकै लागि सरकारले बाह्य वित्तीय स्रोतहरूमा पहुँच बढाउनुपर्ने भन्दै नीतिगत व्यवस्था गरेर स्रोतको जोहो गर्न खोजेको छ। अर्थात् 'जलवायु वित्त परिचालन कार्यविधि, २०८२' को मस्यौदा तयार पार गरेको छ। यो कार्यविधि आर्थिक कार्यविधि ऐन, २०७६ को दफा ६५ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी अर्थ मन्त्रालयले जारी गरेको हो।

मन्त्रालयको वैदेशिक सहायता समन्वय महाशाखाले भदौ १० गतेभित्र आवश्यक मस्यौदामाथि सुझाव दिन अनुरोध गरेको छ। मुलुकमा जलवायु वित्त परिचालनलाई थप प्रभावकारी बनाउन उक्त मस्यौदा तयार पारिएको महाशाखाले जनाएको छ।

**जलवायु वित्त परिचालनका प्राथमिकताका मुख्य क्षेत्रहरू**

- हानिनोक्सानी बापतको सम्बोधन
- जलवायु अनुकूलन
- उत्सर्जन न्यूनीकरण
- कार्बन व्यापार

उक्त कार्यविधिको मुख्य उद्देश्य अन्तर्राष्ट्रिय स्तरमा जलवायु न्यायको सिद्धान्तका आधारमा थप जलवायु वित्तका लागि पैरवी गर्नु रहेको उल्लेख छ। यस्तै, उपलब्ध वित्तीय स्रोतलाई राष्ट्रिय आवश्यकता र प्राथमिकताका आधारमा जलवायुसम्बन्धी कार्यमा उपयोग गरी उत्थानशील समाजको निर्माण र न्यून कार्बन उत्सर्जन गर्ने विकास प्रक्रियामा सहयोग पुऱ्याउनु रहेको उल्लेख छ।

उक्त कार्यविधिले मुलुकको जलवायु परिवर्तनसम्बन्धी गतिविधिका लागि बाह्य वित्तीय स्रोतमा पहुँच बढाउने लक्ष्य राखेको छ। यसले जलवायु न्यायको सिद्धान्तका आधारमा थप जलवायु वित्तका लागि वकालत गर्दै राष्ट्रिय आवश्यकता र प्राथमिकताका आधारमा उपलब्ध वित्तीय स्रोतहरूको प्रभावकारी उपयोग गरी उत्थानशील समाज निर्माण र न्यून कार्बन उत्सर्जन विकास प्रक्रियामा सहयोग पुऱ्याउने उद्देश्य लिएको छ।

» बाँकी पृष्ठ ६


Win the all new
RIZTA
For freeee